# बाह्रदशी गाउँपालिका
## गाउँ कार्यपालिकाको कार्यालय
चकचकी, झापा

Website:www.bahradashimun.gov.np
gmail: bahradashirm@gmail.com,
info@bahradashimun.gov.np

प.सं. ०७८/७९
च.नं.

१ नं. प्रदेश नेपाल

## विज्ञप्ती

यस बाह्रदशी गा. पा. वडा नं.–१ देखि ७ सम्मका विभिन्न बाटोहरु खाल्डा खुल्डी भै बिग्रिई आवागमनमा समस्या भै मर्मत कार्य गरि पाउँ भनी रा. प्र. पा. बाह्रदशी गाउँ समितिद्वारा मिति २०७८/०५/२९ गते ज्ञापनपत्र पेश गरेको र वडा नं.–५, ६ र ७ मा तालाबन्दी गरिएको सन्दर्भमा यस बाह्रदशी गाउँपालिकाको स्वीकृत वार्षिक कार्यक्रममा समावेश भएका बाटोहरु मर्मत संभार गर्ने प्रक्रियामा रहेको, बजेट स्वीकृत नभएका बिग्रिएका बाटोहरु बजेटको सुनिश्चितता गरि कार्यपालिकाको निर्णय बमोजिम सदा झै वडा दशै अगाडी नै मर्मत संभार गर्ने समेत प्रक्रियामा रहेको र कतिपय वडामा मर्मत कार्य सुरु भएको अवस्था रहेको सृजित समस्या वार्ताद्वारा हल गर्न गा. पा. सधै तत्पर रहेको सन्दर्भमा आज मिति २०७८/०६/०७ गते गा. पा. र सम्बन्धित पक्षबीच वार्ता गरी समस्याको समाधान गरिएको र गा. पा. आफ्ना नागरिकको हितलाई ध्यानमा राखी आफ्नो क्षमताले भ्याएसम्म बिग्रिएको बाटोहरु आवश्यकता अनुसार यथाशिघ्र मर्मत संभार गर्ने विषयमा सधै प्रतिबद्ध रहेको व्यहोरा अवगत गराउदै तालाबन्दीको अवरोधको कारण जनतामा परेको असुविधा प्रति क्षमायाचना गर्दै आजैका दिन देखि सबै वडा कार्यालय र गा. पा. कार्यालय सुचारु रुपले संचालन हुने व्यहोरा समेत अनुरोध गर्दछौं।

मिति:२०७८/०६/०७

.............................
प्रभु सिंह राजवंशी
प्रवक्ता
बाह्रदशी गाउँपालिका